- मदिरा तथा सुर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
- मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
- कानूनको पूर्णरूपमा पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत ३० गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 13 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२३

## शिवम् लेयर्सको प्रदूषणलाई लिएर विवाद बढ्दै

## गापा अध्यक्ष चौधरी भन्छन्- बन्द गर्नुको विकल्प छैन

नरेश यादव, पर्सागढी, २९ चैत/

पटेर्वासुगौली गाउँपालिका-२ गादीस्थित शिवम् लेयर्स फार्म प्रालिले गरेको प्रदूषणलाई लिएर पुनः विवाद बढेको छ ।

शिवम् लेयर्स फार्म प्रालिमा पचास हजारभन्दा बढी कुखुरा पालन गरिएको र फार्मबाट उत्पन्न वायु प्रदूषण तथा झिङ्गाका कारण पटेर्वासुगौली गापा-१, २, ३ अन्तर्गत पर्ने मकवानीटोल, वनकटवा, चापी, भाथा, थरघटी, धर्मबस्ती, रामपुर, बैजनाथपुर र रङ्गपुरका बासिन्दाहरू प्रदूषणबाट प्रत्यक्ष प्रभावित हुँदै आएकामा पछिल्लो समयमा गापाको कार्यालयले फार्म बन्द गर्न १५ दिने सूचना जारी गरेको थियो ।


फार्मबाहिर गाउँलेहरू विरोध गर्दै ।


फार्मको अनुगमन गर्दै टोली । तस्वीरः प्रतीक

पटेर्वासुगौली गापाको कार्यालयले सूचना जारी गरेपछि शिवम् लेयर्सले ८० प्रतिशत झिङ्गाको प्रकोप घटेको र २० प्रतिशत पनि निर्मूल गर्नेतर्फ फार्म क्रियाशील रहेको जनाएको छ । वातावरण सफा राख्न, रोगका सङ्क्रमण, घातक जीवाणु, कीटाणु आदिको प्रकोपलाई रोकथाम गर्न फार्मले द्रुत गतिमा काम गरेको भन्दै गाविसको कार्यालयको ध्यानाकर्षण गराएपछि आज सो उद्योगको पुनः स्थलगत निरीक्षण गरिएको थियो ।

निरीक्षणका लागि गापाध्यक्ष दिनेश चौधरी, उपाध्यक्ष ममता महतो, प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख धनञ्जय सिंह, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका पशु विकास अधिकृत धनसुन्दरप्रसाद सिंह, जिल्ला प्रशासन कार्यालय, पर्सा, उजूरी शाखाका शिवशङ्कर साह, वडाध्यक्ष विजय गैरे सम्मिलित टोली आज निरीक्षण गर्न जाँदा स्थानीयवासीहरूले विरोध गरेका थिए । उनीहरूले फार्म बन्द गर्नुपर्ने, गापा कार्यालयले फार्म बन्द गर्न १५ दिने सूचना जारी गरे पनि बन्द नभएको र पुनः निरीक्षणको नाममा उद्योग सञ्चालनको अनुमति दिइने भएको भन्दै होहल्ला गरेका थिए ।

शिवम् लेयर्सबाट प्रदूषण फैलिएर बसिनसक्नुको अवस्था सिर्जना भएको र झिङ्गाका कारण झाडापखाला, ज्वरो र चर्मरोगले गाउँलेहरू पीडित हुँदै आएका छन् ।

सो फार्मको प्रदूषणका कारण पाँच किलोमिटरसम्मको क्षेत्रका बस्तीहरू प्रभावित भएको बताइन्छ । गापाले प्रदूषण हटाउन फार्मलाई मौखिक तथा लिखितरूपमा बारम्बार ध्यानाकर्षण गराउँदै आएको थियो । गापाले चैत ९ गते १५ दिनको म्याद दिएर सो अवधिमा उद्योग बन्द गर्न पत्राचार गरेको थियो । गापाको पत्रपछि शिवम् लेयर्सले वातावरणमा सुधार ल्याएको भन्दै गापाको ध्यानाकर्षण गराएपछि सोसम्बन्धी अनुगमनका लागि आज सरोकारवाला निकायका व्यक्तिहरू उद्योगमा गएका थिए ।

अनुगमनमा गएका गापा अध्यक्ष चौधरीले फार्मले प्रदूषण कम गर्ने बताए पनि अटेर गरेर प्रदूषण नियन्त्रणतर्फ ध्यान नदिएको आरोप लगाए । उनले फार्म बन्द गर्नुको विकल्प नरहेको प्रतिक्रिया दिएका छन् । अनुगमनमा रहेका घरेलुका प्रमुख सिंहले भने प्रतिवेदन बनाएर पेश गर्ने र कानूनसम्मतरूपमा कारबाई अगाडि बढाउने बताए ।

## इन्धन खाने प्रमुख प्रशासकीय अधिकृत

प्रस, वीरगंज, २९ चैत/

नेपाल सकारले स्थानीय तहमा पठाएको रकम दुरुपयोग हुनबाट जोगाउन र सही ठाउँमा सदुपयोग होस् भन्ने उद्देश्यले खर्चको अधिकार प्रमुख कार्यकारी अधिकृतलाई दिएपछि त्यसको व्यापक दुरुपयोग भइरहेको छ । पर्साका अधिकांश प्रमुख प्रशासकीय अधिकृत बजेट विकास निर्माणमा खर्चनुभन्दा पनि कसरी खानेतर्फ मात्र ध्यान दिने गरेका छन् ।

छिपहरमाई गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहले लेखा प्रमुखसहितको मिलेमतोमा आव २०७७/७८ मा इन्धन शीर्षकमा मात्रै रु ४२ लाख ४२ हजारभन्दा बढी खर्च गरेको महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनले देखाएपछि सो घटना विवादमा आएको छ ।

अहिले साह सखुवाप्रसौनी गापामा प्रमुख प्रशासकीय अधिकृत छन् । उनले चालू आवको ११ महीनामा मात्र रु ७० लाख इन्धनमा खर्च गरेको गापा उपाध्यक्ष शर्मिला विष्ट महतोले आरोप लगाइन् । उपाध्यक्ष विष्टले पत्रकार सम्मेलनको आयोजना गरी गापाभित्रको बेथिति र भ्रष्टाचारका मुख्य नाइके अधिकृत साह रहेको आरोप लगाइन् ।

उनले गापाध्यक्ष यशवन्त यादवको सहयोगमा प्रमुख प्रशासकीय अधिकृत साहले कम्तीमा पाँच लाखसम्म घूस लिएर १०३ जनालाई नियुक्ति दिएको आरोप लगाइन् ।

छिपहरमाई गापामा रहँदा साहले इन्धनमा रु ४२ लाख ४२ हजार खर्च गर्दा नियमले गरेको बताए पनि सवारी इन्धन दिंदा लगबूकमा अद्यावधिक नगरेको भन्दै महालेखापरीक्षकको कार्यालयप्रति प्रश्न उठाइन् । गापाको विभिन्न बजेट शीर्षकमध्ये इन्धन शीर्षकमा विवाद उत्पन्न भएपछि खोजबीन गरिएको थियो । अन्य शीषर्कमा के कति भ्रष्टाचार वा अनियमितता भएको हो सजिलै बुझ्न सकिने उनले बताइन् ।



तस्वीरः फाइल

गापाका सूचना प्रविधि अधिकृत सञ्जीवकुमार यादवले दिएको तथ्याङ्क अनुसार आव २०७७/७८ मा प्रत्येक वडाध्यक्षलाई मासिक २५ लिटर पेट्रोल उपलब्ध गराउने निर्णय अनुसार पाँचजना वडाध्यक्षको वार्षिक पेट्रोल खर्च १५ सय लिटर हुन्छ । आव २०७७/७८ मा पेट्रोलको अधिकतम मूल्य प्रतिलिटर रु १२५ र डिजेल प्रतिलिटर रु १०८ रहेकामा पेट्रोल खर्चको मूल्य रु एक लाख ८७ हजार ५०० हुन आउँछ ।

यस्तै, प्रत्येक कार्यपालिका सदस्यहरूलाई इन्धनबापत मासिक १५ लिटर पेट्रोल उपलब्ध गराउने निर्णय अनुसार चारजना कार्यपालिका सदस्यको वार्षिक ७२० लिटर हुने र सोको मूल्य ९० हजार पर्न जान्छ ।

त्यस्तै, प्रत्येक वडा सदस्यलाई मासिक १० लिटर पेट्रोल दिने निर्णय अनुसार २० जना वडा सदस्यको वार्षिक दुई हजार ४०० लिटर हुने र सोको मूल्य रु तीन लाख हुन आउँछ ।

प्रत्येक स्वास्थ्य चौकी र प्रहरी चौकीलाई मासिकरूपमा १०/१० लिटर दिइने पेट्रोल अनुसार पाँच/पाँच वटा स्वास्थ्य चौकी र प्रहरी चौकीको वार्षिक पेट्रोल इन्धन खर्च एक हजार २०० लिटर हुने र सोको मूल्य रु एक लाख ५० हजार हुन आउँछ ।

शाखा प्रमुखलाई मासिक १० लिटर पेट्रोल दिइने निर्णय अनुसार आठजना शाखा प्रमुखको वार्षिक ९६० लिटर पेट्रोल खर्चको मूल्य रु एक लाख २० हजार हुन आउँछ ।

ऐन अनुसार गापाध्यक्ष, उपाध्यक्षले मासिक १२० लिटर इन्धन पाउने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृतले पनि सोही अनुसार खर्च गर्ने हो भने अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वार्षिक डिजेल इन्धन चार हजार ३२० लिटर हुने र सोको मूल्य रु चार लाख ६६ हजार ५६० हुन्छ ।

आव २०७७/७८ मा छिपहरमाई गापामा दुई/दुई वटा ट्याक्टर/एम्बुलेन्स सञ्चालनमा रहेको र विकास निर्माण कार्यमा जेसिबीको प्रयोग भएकोले बढी इन्धन खर्च भएको तत्कालीन प्रमुख प्रशासकीय अधिकृत देवनाथ साहको भनाइ छ ।

पालिकामा रहेका ट्याक्टर र एम्बुलेन्सले मासिक १००/१०० लिटर इन्धन खर्च गर्ने हो भने वार्षिक चार हजार ८०० लिटर डिजेलको मूल्य रु पाँच लाख १८ हजार ४०० हुन आउँछ । यसरी एक आवमा जम्मा रु १८ लाख ३२ हजार ४६० रुपियाँको इन्धन खर्च हुन आउँछ । तर अधिकृत साहले दाबी गरे अनुसार इन्धनमा खर्चेको कुल रु ४२ लाख ४२ हजार ३७४ मध्ये २४ लाख नौ हजार ९१४ रुपियाँ जेसिबीको इन्धनमा मात्रै खर्च भएको देखाएर इन्धनमा व्यापक अनियमितता भएको देखिन्छ ।

## आन्दोलनकारी र प्रहरीबीच झडप प्रहरीको गोली लागेर एकजना घाइते

प्रस, गरुडा, २९ चैत/

रौतहटको गरुडामा बुधवार दिउँसो गोली चलेको छ । गत स्थानीय तहको निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट गरुडा नगरपालिकामा नगरप्रमुख पदका प्रत्याशी दीपक यादवको नेतृत्वमा भइरहेको आन्दोलन उच्छृङ्खल भएपछि दोहोरो भिडन्त भएको हो ।


घाइतेको उपचार गर्दै चिकित्सक । तस्वीरः प्रतीक

बुधवार दिउँसो करीब दुई बजेतिर नेता यादवले नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतविरुद्ध भाषण गरेर नगरपालिका कार्यालयतर्फ बढ्दा प्रहरीले रोकेको थियो । प्रहरीले नेता यादवलाई रोक्न खोज्दा यादवका कार्यकर्ताहरूले प्रहरीमाथि ढुङ्गामुढा बर्साउन शुरू गरेपछि प्रहरीले लाठी चार्ज गरेको थियो ।

त्यस लगत्तै अश्रुग्याँस र त्यसपछि केही राउन्ड गोली चलाएको थियो । गरुडामा अश्रुग्याँस र गोली गरी करीब डेढ दर्जन फायर भएको स्थानीयको भनाइ छ ।

आन्दोलनकारीको ढुङ्गा प्रहारबाट एकजना प्रहरी निरीक्षकसहित सातजना सुरक्षाकर्मीलाई चोटपटक लागेको छ । प्रनि वीरेन्द्र पासवानको हातमा चोट लागी घाइते भएका छन् ।

यसैगरी, प्रहरीले चलाएको गोली लागेर गरुडा नगरपालिका-५ लक्ष्मीपुरका बिरजु यादवका छोरा वर्ष २२ का गज्जु भनिने गजेन्द्रराय यादव घाइते भएको आफन्तले जनाएका छन् । घाइते यादवको पाखुरामा गोली लागेको छ । यादवलाई गरुडास्थित हेल्थ ल्यान्ड हस्पिटलमा प्राथमिक उपचारपछि थप उपचारको लागि वीरगंजतर्फ ल्याइएको छ ।

घटनापछि गरुडामा व्यापक मात्रामा प्रहरी परिचालन गरिएको र अबेर साँझसम्म स्थिति सामान्य रहेको प्रहरीले जनाएको छ ।

लोसपा नेता यादवले विभिन्न माग राखी दुई हप्ता पहिले आठ दिनसम्म आमरण अनशन बसेका थिए । नगरपालिकासितको सहमतिमा अनशन तोडे पनि थप कागजपत्र माग गर्दै आन्दोलन गर्ने चेतावनी दिइरहेका बेला अचानक बुधवार दलबलसहित नगरपाालिका कार्यालयमा प्रवेश गर्न खोज्दा प्रहरीले रोकेको थियो ।

आन्दोलनरत यादवको माग बमोजिम र नगरपालिकाको कार्यक्रम अनुसार गरुडा नगरपालिकाले भोलि बिहीवार सार्वजनिक सुनुवाइ कार्यक्रम राखेको छ । कार्यक्रम आफूले भनेको जस्तै नहुने भन्दै यादवले बहिष्कार गर्ने जनाइसकेका छन् ।

## तस्करले पत्रकारलाई कुटे, एकजना पक्राउ

प्रस, वीरगंज, २९ चैत/

वीरगंजका दुईजना पत्रकारलाई तस्करहरूले निर्घात कुटपिट गरेका छन् । चैत २६ गते आइतवार साँझ ७ बजे वीरगंज महानगर-१६ इनर्वामा स्थानीय तस्कर शत्रुघ्न यादवको संरक्षणमा रहेका व्यक्तिहरूले वीरगंजबाट प्रकाशित हुने स्वाति दैनिकका सञ्चालक सन्दीप कुशवाहा र खबर वीरगंज डटकमका राजकिशोर भगतलाई अमानवीय तरीकाबाट कुटपिट गरेको घटना अहिले सार्वजनिक भएको छ ।

दुवै पत्रकारलाई पोलमा बाँधेर यादवका संरक्षणमा रहेका व्यक्तिहरूले कुटपिट गरेको श्रव्यदृश्य अहिले सामाजिक सञ्जालमा भाइरल भएको छ । कुटिएका पत्रकारद्वय कुशवाहा र भगतले आफूहरूलाई समाचार सङ्कलनको क्रममा कुटपिट भएको बताएका छन् । इनर्वाबाट तस्करी भइरहेको समाचार सङ्कलनको क्रममा गएको बखत यादव पक्षधरहरूले कुटपिट गरेको बताएका छन् । घटनामा प्रहरीले एकजना मोहन यादव भन्ने व्यक्तिलाई पक्राउ गरेको छ ।


पत्रकार कुशवाहा र भगतलाई कुट्दै गरेको दृश्य । तस्वीरः सौजन्य

आरोपित शत्रुघ्न यादवले भने आफूलाई घटनाबारे थाहा नभएको बताए । उनले आफ्नो अनुपस्थितिमा घटना भएको बताए र आफ्नो संलग्नता नरहेको भनेर पञ्छिन खोजेका छन् । पर्सा प्रहरीले भने घटनाबारे थप अनुसन्धान भइरहेको बताएको छ ।

एक सातादेखि यादवले तस्करीको लाइन सञ्चालन गरेको चर्चा छ । चार महीनादेखि बन्द भएको वीरगंजको तस्करी एक सातादेखि सञ्चालनमा आएको र यादवले इनर्वा नाकाबाट ठूलो परिमाणमा कपडाको तस्करी गरिरहेको स्थानीयले बताएका छन् ।

**विचारसार एवं सूक्तिहरू**

**हे प्रभु ! मेरो एउटै कामना छ कि म सङ्कटबाट तर्सिएर नभागूँ, अपितु त्यसको सामना गरूँ । सङ्कटबाट मेरो रक्षा गर भन्दिनँ, वरन् त्यससँग जुझ्ने शक्ति देऊ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# नेपाली फिल्म क्षेत्र

**नेपाली चलचित्रहरूले पनि आशालाग्दो नतीजा दिन थालेका छन् । २०७९ सालको १२ महीनामा नेपाली दर्शकसामु प्रदर्शित १३५ वटा स्वदेशी तथा विदेशी चलचित्रमध्ये पहिलो कमाइ नेपाली चलचित्रको देखियो । नेपाली चलचित्र 'कबड्डी-४' ले २१ करोड ३८ लाख रुपैयाँको व्यापार गरेको छ । त्यसपछि विदेशी कन्नड चलचित्र 'केजिएफ च्याप्टर-२' ले हाम्रो बजारमा १९ करोड २९ लाख रुपैयाँको व्यापार गरेको छ । केजिएफकै नजीक-नजीक अन्य नेपाली चलचित्रहरू पनि पुगेका छन् । 'छक्का पञ्जा-४' ले १७ करोड रुपैयाँको व्यापार गरेको छ। त्यसैगरी, प्रेम गीत-३, महापुरुष, दुई नब्बरी, फूलबारी, झिङ्गेदाउलगायत नेपाली फिल्मको बजार उकालो चढ्दो छ । तर यिनीहरूको व्यापार प्रगति कबड्डी-४, केजिएफ, छक्का पञ्जा-४ को तुलनामा भुइँ सतहमा छ। सात दशकअघि ब्ल्याक एन्ड ह्वाइट प्रविधिमा 'सत्य हरिश्चन्द्र'बाट कोरिएको नेपाली फिल्मको गोरेटो अब राजमार्गमा परिणत हुँदैछ । स्तरीय विदेशी फिल्मकै तुलनामा नेपाली फिल्म क्षेत्रले पनि प्रतिस्पर्धा गर्न थालेको छ ।**

**डेढ दशकयता फिल्म निर्माणमा डिजिटल प्रविधि प्रयोग भएसँगै स्वदेशी सिनेमाको रूप फेरिन थालेको हो । हाम्रा फिल्म हलहरू पनि आधुनिकीकरण हुँदै जाँदा नेपाली फिल्म बजार आशालाग्दो बन्न पुगेको छ । एउटै भवनमा दुई वा सोभन्दा बढी अत्याधुनिक सुविधायुक्त सिनेमा घर थपिंदो छ। हलहरूमा आधुनिक ध्वनि प्रणालीका साथ स्क्रिन क्रिस्टल कलरले चम्किन थालेका छन् । आरामदायक र अत्याधुनिक सुविधासम्पन्न हलले नेपाली फिल्मका दर्शकलाई लोभ्याइरहेका छन् । एकतिरबाट मात्र आवाज आउने अस्पष्ट ध्वनि प्रणालीको साटो सराउन्ड साउन्ड सिस्टमले जीवन्तताको अनुभूति गराइरहेको छ । फिल्म निर्माणमा पनि अत्याधुनिक क्यामरा र क्रेन, ड्रोनका साथ भिएफएक्स, कलर ग्रेडिङजस्ता विकसित प्रविधि भित्रिंदा निर्देशक र कथाकारले कल्पना गरेजस्तै फिल्म बन्न सम्भव भएको छ । यही कारणले गर्दा नेपाली फिल्मप्रति दर्शक आकर्षित भइरहेका छन् ।**

**अस्पष्ट ध्वनि, धमिलो चित्र, डुङ्डुङ्ती गन्हाउने हल, सासू-बुहारीको झगडा तथा जमिनदार र मुखियाको थिचोमिचोमैं रुमलिएको नेपाली फिल्म केही समययता आएर किशोरकिशोरीको मन जित्न सफल हुँदैछ । स्वदेशी फिल्म वर्तमानमा आएर नेपाली बजारमा विदेशी फिल्मसँग प्रतिस्पर्धा गर्न सक्ने भएको छ, तर समस्याहरू भने धेरै छन् । करोडौं लगानी हुने यो क्षेत्रले लगानी फिर्ता दिन अहिले पनि चुनौतीकै विषय छ। यसको खास कारण फिल्मी संसारको दौडमा झन्डै पौने एक शताब्दीसम्म हामी पछि रह्यौं । अरूहरू अगाडि बढिसकेका छन् । त्यसैले हामीलाई अरूको दाँजोमा पुग्न कठिन भएको छ। अर्कोतर्फ भाषिक समस्या पनि हो। नेपाली भाषा बुझ्ने र सुन्नेको तुलनामा अन्य मुलुकका भाषा बुझ्ने र सुन्नेहरू धेरै छन् । नेपाली फिल्मले बल्लबल्ल अन्तर्राष्ट्रिय बजारको बाटो पहिल्याउन थालेको छ भने विदेशी फिल्म दशकौं पहिले नेपालीको घरघरसम्म पुगिसकेका छन् । विदेशी नागरिकले समेत हेर्ने र वाह भन्ने बनाउनका लागि नेपाली [redacted] र गुणस्तरमा धेरै मेहनत गर्नुपर्ने [redacted] फस्टाउनुका प्रमुख कारण फिल्म [redacted] बनाइदिएको बलियो नीतिनियम [redacted] राष्ट्रिय फिल्म नीति बने पनि [redacted] उदासीन छ । यसतर्फ [redacted] जान जरुरी छ ।**

# आशा निकै कम पलाउन पाएको वर्ष

**स्वतन्त्र विचार**



**सञ्जय साह मित्र**
mitrasanjay41@gmail.com

**निकै उतारचढावपूर्ण रहेको वर्ष २०७९ सामान्य वर्षको रूपमा रहेको देखिएको छ । यद्यपि सबै तहको निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भइसकेकोले अब देशको आर्थिक तथा अन्य क्षेत्रले गति लिने विश्वास यस वर्षले खडा जगाइदिएको छ ।**

आज विक्रम संवत् २०७९ को अन्तिम दिन हो। आज यो वर्षको समापन हुँदैछ। भोलि शुक्रवारदेखि नयाँ वर्ष २०८० आउँदैछ । उसो त समय निरन्तर चलिरहन्छ र यसलाई विभिन्न किसिमले नाप्ने गरिएको छ । मानिसले आफ्नो सुविधाको लागि नै यसरी समयलाई निश्चित तरीकाले नाप्ने गरेका हुन् । समयलाई नाप्ने संस्कृति बन्न पुग्दा सोही दिन चाडपर्वहरू मनाउन थालेका हुन् । कतिपय अवस्थामा कुनै निश्चित दिनमा कसैको जन्मविशेष पर्दा त्यस दिनलाई पनि उत्सवको रूपमा मनाउन थालिएको हो । यसरी हाम्रो संस्कृतिमा रहेका विभिन्न चाडपर्व र दिवसहरू मुख्यगरी समयको यही नापोलाई आधार मानेर मनाइएको पाइन्छ ।

समयलाई नाप्ने सबैभन्दा पुरानो आधार चन्द्रमाको उदय र अस्त रहेको देखिएको छ। यसैले धेरैतिर चन्द्रमास नै प्रचलनमा रहेको पाइन्छ । चन्द्रमास प्रचलनमा रहेको ठाउँमा चन्द्रमा उदाउने दिनलाई तिथिमा विभाजन गरी त्यसै आधारमा महीना, वर्ष तथा चाडपर्वहरू प्रचलनमा रहेका छन् । सम्भवतः यसैको विकसित रूप नै आधुनिक वर्षहरू पनि हुन् । विश्वमा औपचारिक प्रचलनमा रहेका वर्षहरू अर्थात् संवत्हरू धेरै पुराना रहेको पाइएको छैन। विश्वमा देखिएको खास घटना, जस्तै भगवान् गौतम बुद्धको जन्म, यशुको जन्म आदिले समयको गणनालाई प्रभावित वा शुरूआत गरेको पाइन्छ। पश्चिमा जगत्मा सबैभन्दा बढी प्रचलनमा रहेको इस्वी संवत् पनि दुई हजार वर्षभन्दा केही बढी पुरानो हो भने नेपालमा औपचारिक संवत्को रूपमा रहेको विक्रम संवत् पनि इस्वी संवत्भन्दा केही दशक मात्र जेठो रहेको छ। विश्वका अधिकांश देशमा इस्वी सन् नै प्रचलनमा रहेको भए पनि कतिपय देशले नेपालले जस्तै आफ्नै संवत्लाई औपचारिक संवत्को रूपमा चलाएको पाइन्छ ।

विक्रम संवत् २०७९ को अहिले विभिन्न कोणबाट मूल्याङ्कन भइरहेको छ । समय वा सालको मूल्याङ्कन गर्ने चलन विश्वव्यापी हो। कुनै पनि साललाई एउटा देशको सीमामा रहेर र विश्वभरको मुख्य उतारचढावलाई लिएर तुलना गरिन्छ । यसैगरी देशभित्र वा बाहिर घटेका मुख्य प्राकृतिक वा मानवीय घटनालाई पनि वर्षको प्रमुख घटनाको रूपमा मूल्याङ्कन गरिन्छ ।

नेपालको इतिहासमा विक्रम संवत् २०७९ निकै निराशापूर्ण रहेको विश्लेषण भइरहेको छ। यसको एउटै मुख्य कारण हो आर्थिक क्षेत्र। आर्थिक क्षेत्रबाट अहिले पनि धेरै मानिस निराश रहेका छन् । अर्थतन्त्रले गति लिन सकेको छैन । बजारमा व्यवसाय सञ्चालन गरेर बसेका व्यवसायीहरू निरन्तर भनिरहेका छन् - व्यापार छैन । साँच्चीकै जहाँ सटर भाडामा लिनको लागि प्रतिस्पर्धा हुन्थ्यो, त्यहाँ अहिले सटर खाली भएको पनि पाइन्छ। नारायणघाटका एक व्यापारीले भने - व्यापार नभएर कतिपय त व्यवसाय बन्द गरी पलायन भइसकेका छन्। यही अवस्था अन्यत्रको पनि हुनुपर्छ। अन्यत्रको व्यापार व्यवसाय पनि फस्टाएको पाइएको छैन । कतिपयले व्यवसायलाई जीवनको ऐना मान्दछन् किनभने जीवनको अन्य क्षेत्रमा यदि उत्साह छ भने त्यसको असर सोझै व्यवसायमा पर्ने गर्दछ ।

वास्तवमा उत्साह खास कतै देखिएको छैन। अहिलेसम्म नेपाल सरकारले खर्च गरेको बजेट पनि निराशाजनक नै रहेको छ । विकास निर्माणको कामले गति लिंदा पनि देशमा अर्थ प्रवाह हुन्थ्यो तर देशमा राजस्व नै अपेक्षाभन्दा कम उठेको छ । राजस्व कम उठ्दा धेरै क्षेत्रको बजेट कटौती भइरहेको सार्वजनिक भइरहेको छ। बजेट कटौतीको कुराले गर्दा पनि मानसिक वा मनोवैज्ञानिक रूपमा धेरैमा अझै केही समय आर्थिक निराशाको समय चलिरहने आशङ्का जन्माउँछ । यसविपरीत महँगी भने निरन्तर बढिरहेको छ । सबै क्षेत्रको महँगी वृद्धि भइरहेको छ। महँगीमा वृद्धि भइरहनु तथा सर्वसाधारणको आय खुम्चिनुजस्तो विपरीत अवस्थाले बजारमा निराशा आएको यथार्थलाई पनि अर्थशास्त्रीहरूले राम्ररी विश्लेषण गरिरहेका छन् । महँगी आन्तरिक कारणले बढेको होइन । गत वर्षदेखि रूस-युक्रेन युद्ध जारी छ। यसको असर विश्वव्यापी परेको छ । सम्भवतः यही युद्धका कारण इन्धनको मूल्यमा निरन्तर वृद्धि भएको होला र इन्धनको कारणले अन्य धेरै क्षेत्रको मूल्यमा वृद्धि भएको होला। नेपालमा पछिल्लो समय सबैभन्दा बढी मूल्य वृद्धि हुने क्षेत्रमा यातायात नै रहेको सार्वजनिक भएको छ।

कृषि उपजलाई केही हदसम्म सन्तोषजनक मानिएको छ। तर किसानले समयमा रासायनिक मल पाउन सकेको भए धानको उत्पादन अझ बढ्थ्यो भने गहुँको उत्पादनमा पनि अझ वृद्धि हुने सम्भावना थियो । धान खेतीका लागि मौसम अनुकूल थियो तर गहुँखेतीको लागि भने यस वर्ष अलिकति पनि पानी नपरेको कारण केही प्रतिकूल मौसम रहेको देखिएको छ। सबै खेतमा सिंचाइ नपुगेको र डिजल इन्जिनबाट खेतमा सिंचाइ गर्दा निकै महँगो पर्ने भएकोले गहुँ उत्पादनमा केही नकारात्मक प्रभाव परेको छ । यद्यपि मकै खेती भने निकै राम्रो भएको छ । नेपालमा धान, गहुँ र मकैलाई मुख्य बालीको रूपमा लिने गरिएको छ। तीनै बालीको उत्पादन औसत रहेकोले देशको अर्थतन्त्रमा कृषिको योगदानलाई औसत नै मानिएको छ ।

यस वर्ष बैंकिङ क्षेत्र र मिटर ब्याजको कुरो निकै चर्चामा रह्यो । बैंकले ब्याज दर निकै परिवर्तन गरिरह्यो। ब्याजमा अस्थिरता राख्दा त्यसको प्रभाव बजारमा परिरह्यो। धेरै मानिस र मुख्यगरी व्यवसायीहरूले बैंकबाट ऋण लिएका छन् । बैंकबाट ऋण लिंदा जुन ब्याजदर थियो त्यो धेरैपटक घटबढ भएको गुनासो ऋणीहरूले गरिरहे। बैंकको ब्याज बढ्ने तर व्यवसायमा भने वृद्धि नहुने हुँदा ऋणीहरू निकै पीडित बनेको यसकारण पनि महसूस भएको छ कि बैंकको अस्थिर ब्याजको विरोधमा देशका विभिन्न ठाउँमा व्यवसायीहरूले प्रदर्शन नै गरेका छन् । जबकि यसै अवधिमा बैंकहरूले राम्रो नाफा कमाएको पाइएको छ। यसैगरी मिटरब्याजीलाई तह लगाउन र मिटरब्याजीबाट पीडितहरू देशको राजधानी काठमाडौंमा पटकपटक आन्दोलन गरेको प्रसङ्गले पनि यस वर्षमा निकै चर्चा पायो । मिटरब्याजीलाई कारबाहीका घटनाहरू पनि भएका छन्। मिटरब्याजीमाथि कारबाही हुँदा गाउँघरमा हुने सानातिना ऋण प्रवाहमा भने अलिकति समस्या देखिएको छ ।

यस वर्ष देशमा निकै महत्त्वपूर्ण काम पनि भएका छन् । यसै वर्ष वैशाखमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो । देशभर एकसाथ निर्वाचन सम्पन्न भएर स्थानीय सरकारले जेठ महीनादेखि कामकाज शुरू गरेको हो । देशभर स्थानीय सरकार गठन हुनु विशिष्ट उपलब्धिको रूपमा रहेको छ । लोकतान्त्रिक देशमा आवधिक निर्वाचन अत्यन्त महत्त्वपूर्ण हुन्छ। यसले सरकार गठनको प्रक्रिया शुरू गर्ने मात्र होइन, लोकको अभिमत पनि बुझ्ने काम गर्दछ। देशमा यही वर्ष प्रदेश तथा सङ्घको निर्वाचन पनि एक साथ सम्पन्न भएको छ। गत मङ्सीरमा प्रतिनिधिसभा तथा सातै प्रदेशको प्रदेशसभाको निर्वाचन सम्पन्न भई केन्द्र तथा प्रदेशमा नयाँ सरकार गठन भइसकेको छ। एकै वर्ष दुईपटक तीन ठूला निर्वाचन सम्पन्न हुनु चानचुने उपलब्धि होइन। स्थानीय, प्रदेश र केन्द्र सरकारको लागि निर्वाचन भई शान्तिपूर्णरूपमा सरकार गठनको अवस्थालाई यस वर्षको ठूलो उपलब्धि मान्नुपर्दछ । यद्यपि यस वर्ष यो सुझाव पनि आएको छ कि दुईवटा चुनाव एकै वर्षमा गर्दा अर्थतन्त्रमा अलिक नकारात्मक असर पर्छ। उसो त विक्रम संवत्को दृष्टिकोणले दुई चुनाव एकै वर्ष भएको देखिए पनि आर्थिक वर्षको दृष्टिकोणले भने गत वैशाखमा भएको चुनाव एउटा आर्थिक वर्षमा र प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचन अर्को आर्थिक वर्षमा भएको देखिन्छ ।

निकै उतारचढावपूर्ण रहेको वर्ष २०७९ सामान्य वर्षको रूपमा रहेको देखिएको छ। यद्यपि सबै तहको निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भइसकेकोले अब देशको आर्थिक तथा अन्य क्षेत्रले गति लिने विश्वास यस वर्षले खडा जगाइदिएको छ। नयाँ वर्ष २०८० मा नेपाल र नेपालीका सकारात्मक सपनाहरू पूरा होऊन् !

# स्वास्थ्य क्षेत्रको अनुसन्धानमा सरकारले लगानी गर्ने -गृहमन्त्री

काठमाडौं, २९ चैत/रासस

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले स्वास्थ्य क्षेत्रको अनुसन्धानका लागि सरकारले लगानी गर्ने बताएका छन् ।




तस्वीरः रासस

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले आयोजना गरेको 'स्वास्थ्य तथा जनसङ्ख्या वैज्ञानिकको नवौं राष्ट्रिय सम्मेलन'को समापन गर्दै उनले स्वास्थ्य क्षेत्रको अध्ययन अनुसन्धानमा सरकारले लगानी गर्ने बताए । उनले स्वास्थ्य अनुसन्धानले नै स्वास्थ्य सुधारमा प्रगति ल्याउने भन्दै नेपालमा अनुसन्धानको काम यथेष्ट हुन नसकेकोसमेत बताए ।

गृहमन्त्री श्रेष्ठले नेपालमा गरिएका स्वास्थ्य अनुसन्धानले जनतालाई स्वास्थ्यमा सचेतना ल्याउनेसमेत बताए। उनले स्वास्थ्य अनुसन्धानमा बढीभन्दा बढी समुदायलाई सहभागी गराउनुपर्ने बताए ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले सम्मेलनबाट प्राप्त भएका सुझावलाई स्वास्थ्य नीति निर्माणमा समेट्ने बताए ।

परिषद्का कार्यकारी प्रमुख डा प्रदीप ज्ञवालीले सम्मेलनबाट प्राप्त भएका निष्कर्षले सरकारको नीति निर्माणमा सहयोग पुऱ्याउने बताए ।

**सात बुँदे घोषणापत्र**

सम्मेलनमा सात बुँदे घोषणापत्रसमेत जारी गरिएको छ। राज्यका सबै तहमा अनुसन्धानकर्ता, नीति निर्माण तथा कार्यक्रम व्यवस्थापनबीच सुदृढ सम्बन्ध विकास गर्दै तथ्यमा आधारित प्रमाणलाई नीति तथा कार्यक्रममा प्रयोग गर्ने संयन्त्रको बढावा सुदृढीकरण संस्थागत गर्ने, उच्च गुणस्तरीय स्वास्थ्य नीति र प्रणालीगत अनुसन्धानका लागि अनुसन्धान तथा शैक्षिक संस्थाबीचको आवश्यक सहकार्यलाई सुदृढ बनाउने, स्वास्थ्य प्रणालीका समस्यालाई नवीनतम समाधान प्रदान गर्ने, नवप्रवर्तनमुखी अनुसन्धानलाई मूल्याङ्कन प्रवर्द्धन र बृहत्तर कार्यक्रमका लागि संयन्त्रको विकास गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ ।

यस्तै, स्वास्थ्यका बृहत्तर निर्धारणलाई सम्बोधन गर्न गुणात्मक प्रमाणका आधारमा समाधानका उपाय पहिचान गर्न बहुक्षेत्रीय सरोकारवालाबीचको समन्वय, सहकार्य र साझेदारीलाई सुदृढीकरण गर्ने पनि घोषणापत्रमा उल्लेख छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# वैदेशिक रोजगारबाट फर्किएका लागि पुन: एकीकरण कार्यक्रमको सुरुआत



तस्वीरः फाइल

काठमाडौं, २९ चैत/रासस

वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारबाट फर्किएका नेपालीका लागि पालिकाहरूसँग समन्वय गरेर पुनः एकीकरण कार्यक्रमको सुरुआत गरेको छ।

वैदेशिक रोजगारबाट फर्किएकाहरूका लागि पालिकास्तरमैं उद्यमी बनाउन विभिन्न पालिकासँग लागत साझेदारी गर्दै पुनः एकीकरण कार्यक्रम सुरुआत गरेको बोर्डले जनाएको छ। सातै प्रदेशका विभिन्न ८१ पालिकासँग कार्यक्रम सञ्चालनका लागि बोर्डले सम्झौता गरिसकेको बोर्डका निर्देशक रामा भट्टराईले जानकारी दिइन्।

उनका अनुसार पुनः एकीकरण कार्यक्रम सञ्चालनका लागि वाग्मती प्रदेशका २१ पालिकाले बोर्डसँग सम्झौता गरिसकेका छन् भने मधेस प्रदेशका १६ पालिकाले यो कार्यक्रम गर्न बोर्डसँग सम्झौता गरेका छन्। यसैगरी, कोशी प्रदेशका १३, गण्डकी प्रदेशका १४, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका गरी १८ पालिकाले वैदेशिक रोजगारबाट फर्किएकाहरूका लागि पुनः एकीकरण कार्यक्रम सञ्चालन गर्दैछन्।

उक्त कार्यक्रमबाट वैदेशिक रोजगारबाट फर्किएका तीन हजार युवा लाभान्वित हुने बोर्डले जनाएको छ। पुनः एकीकरण कार्यक्रमका लागि वैदेशिक रोजगार बोर्डले चालू आर्थिक वर्षमा रु १५ करोड २५ लाख छुट्याएको जनाइएको छ। यही बजेट अनुसार कार्यक्रम गर्न बोर्डले सुरक्षित आप्रवासन सामी कार्यक्रम लागू भएका देशका ३९ जिल्लाका पालिकालाई प्रस्ताव पेश गर्न आह्वान गरेको थियो।

त्यसमध्ये पालिकाहरूले २४ हजार जनालाई यो कार्यक्रममा सहभागी गराउने गरी रु ४३ करोड माग गरेका थिए। बोर्डले यो कार्यक्रम सञ्चालनका लागि छुट्याएको रकम अनुसार पहिलो चरणमा निश्चित पालिकामार्फत थोरै सङ्ख्यामा यो कार्यक्रम लागू गरिएको बोर्डको भनाइ छ। बोर्ड र पालिकासँग भएको सम्झौता अनुसार पालिकाले यस आवमा कतिजनालाई पुनः एकीकरण कार्यक्रम सञ्चालन गर्ने हो, त्यसबमोजिम बोर्डमार्फत रकम पाउनेछन्।

पालिकाहरूले आफ्नो पालिकास्तरको आवश्यकता र चाहना अनुसार आफूले गर्ने कार्यक्रमसहित बोर्डमा प्रस्ताव पेश गरेका छन्। बोर्डबाट विनियोजन भएको रकममा धेरैजसो पालिकाले ५० प्रतिशत रकम थप गरेर कार्यक्रम सञ्चालन गर्ने सहमति भएको पनि बोर्डले जनाएको छ। वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारबाट फर्किएकाका लागि पहिलोपटक पुनः एकीकरण कार्यक्रम सञ्चालन गर्न लागेको हो। यो कार्यक्रम सञ्चालनका लागि बोर्डले छुट्टै निर्देशिका नै ल्याएको छ।

## ब्युटिसियन तालीमको उद्घाटन

प्रस, वीरगंज, २९ चैत।

वीरगंज महानगरपालिकाको सहयोगमा ४५ दिने निश्शुल्क ब्युटिसियन तालीमको बुधवार उद्घाटन गरिएको छ।



तस्वीरः सौजन्य

कार्यक्रमका प्रमुख अतिथि अन्नपूर्ण मानन्धरले तालीमको उद्घाटन गर्दै विपन्न, गरीब महिलाहरूलाई लक्षित गरेर निश्शुल्क तालीमको आयोजना गरिएको बताइन्।

वीरगंज महानगरपालिकाका गैसस शाखा प्रमुख राजीव गिरीले सीप सिकेर पार्लर व्यवसाय गर्न सुझाव दिए। वडाध्यक्ष जगतसाह कानूले महानगरको सहयोगबाट वडामा सञ्चालन भएको तालीमबाट लाभ लिन आग्रह गरे।

तालीममा सहभागीहरूलाई अरुणा मानन्धर, रेखा श्रेष्ठ र रविता यादवले प्रशिक्षण दिंदैछन्। महिला तथा बालबालिका विकास संस्थाकी संयोजक अरुणा मानन्धरको अध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य राधा कार्की, वडा सदस्य सञ्जय जोशी, वडासचिव श्रीरामप्रसाद सिंह, प्रेरणा श्रेष्ठ, रमितामाया गुप्तालगायतको सहभागिता थियो।

## नेकपा माओवादी केन्द्रको कमिटी गठन

प्रस, ठोरी, २९ चैत/

नेकपा माओवादी केन्द्र, ठोरीले गाउँपालिकास्तरीय कमिटी पुनर्गठन गरेको छ।


तस्वीरः प्रतीक

नेकपा माओवादी केन्द्र, ठोरी गापा कमिटीको सङ्गठन सुदृढीकरण तथा जनसम्बन्ध विस्तार अभियान अन्तर्गत कमिटी गठन भएको माओवादी केन्द्रका स्थानीय नेता सागर लामाले बताए।

भेलाले सूर्य लामाको अध्यक्षतामा ५५ सदस्यीय गापास्तरीय कमिटी गठन गरेको छ। गठित समितिको वरिष्ठ उपाध्यक्ष रवन पौडेल, उपाध्यक्षद्वय भक्तबहादुर सुनुवार र जमबहादुर कुँवर, सचिव बुद्ध लामा, सहसचिव बुद्धबहादुर कुँवर र कोषाध्यक्षमा विष्णु अधिकारीलगायत सदस्यहरू छन्।

नेकपा माओवादी केन्द्र, ठोरीका उपाध्यक्ष रतन पौडेलको अध्यक्षता तथा जिल्ला कमिटी इन्चार्ज विजय महतोको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो।

# अन्तरिक्षमा पहिलो मानव उडानको स्मरणमा कसमोनट दिवस

काठमाडौं, २९ चैत/रासस

हरेक वर्ष आजकै दिन अर्थात् अप्रिल १२ तारिखमा मनाइने कसमोनट दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ।




सन् १९६१ अप्रिल १२ मा रसियाको स्पेस वैज्ञानिक युरी गागारिनले पहिलो मानव अन्तरिक्ष उडान गरेको स्मरणमा यो दिवस मनाइँदै आइएको हो। आजका दिनलाई अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष उडान भएको दिनका रूपमा लिइन्छ।

उक्त दिवसका अवसरमा आज यहाँ रसियन हाउस अफ काठमाडौं, नेपाल फिजिकल सोसाइटी र नेपाल साइन्स ओलमपियडले संयुक्तरूपमा आयोजना गरेको कार्यक्रममा नेपालमा अन्तरिक्ष क्षेत्रमा भइरहेका कामबारे प्रदर्शनी गरियो।

'दी स्क्वायड अफ चेन्जमेकर्स'का संस्थापक सुशीलदेव भट्टराईले अन्तरिक्षमा पहिलोपटक मानिसले पाइला टेकेकोबारे चर्चा गर्दै अन्तरिक्ष विज्ञानबारे जानकारी दिन प्रदर्शनी आयोजना गरिएको बताए। उनले भने, "भविष्यमा यस विषयमा हाम्रा विद्यार्थीलाई रुचि बढाउन पनि हामीले विभिन्न कार्यक्रम आयोजना गर्दै आएका छौं।"

"प्रदर्शनीमा दुई सय विद्यार्थीलाई अन्तरिक्षसम्बन्धी जानकारी गराउनाका साथै रकेट विज्ञान र भूउपग्रह (सेटेलाइट) बनाउने तालीम तथा खगोलशास्त्रबारे जानकारी गराउँदै आएका छौं," भट्टराईले भने।

सन् २०१९ मा बनेको नेपालको पहिलो भूउपग्रह 'नेपाली सेट–१' र यस वर्ष बनेको 'मुनाल' सेटेलाइटलगायत अन्तरिक्षसम्बन्धी सामग्रीहरूको नमूना प्रदर्शनीमा राखिएको छ।

## ब्याजदर घट्दा शेयर बजारमा हरियाली

काठमाडौं, २९ चैत/रासस




ब्याजदर एकल अङ्कमा झार्ने निर्णयसँगै यसको सकारात्मक प्रभाव शेयर बजारमा देखिएको छ। बुधवार बसेको नेपाल बैंकर्स सङ्घको बैठकले ब्याजदर एकल अङ्कमा झार्ने निर्णय गरेको थियो।

ब्याजदर घटाउने निर्णयसँगै आजको कारोबारमा नेप्से परिसूचक ९२ दशमलव २२ अङ्क अर्थात् चार दशमलव ९३ प्रतिशतले बढेर एक हजार ९६३ दशमलव ५५ अङ्क कायम भएको छ।

नेप्से परिसूचक बढेसँगै कारोबार रकम पनि वृद्धि भएको छ। आज २६७ वटा कम्पनीका ६१ लाख सात हजार ४२५ कित्ता शेयर ४७ हजार २८५ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब ९७ करोड ६० लाख ७६ हजार बराबरको कारोबार भएको छ।

आज सबै समूहको उपसूचक हरियो देखिएको छ। सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ४४२ दशमलव ३३ र निर्जीवन बीमा समूहको उपसूचक ३४३ दशमलव २९ अङ्कले बढेका छन्।

आज बैंकिङ समूह ६६ दशमलव तीन, विकास बैंक समूह १९७ दशमलव ८०, वित्त समूह १०८ दशमलव २१, होटल तथा पर्यटन समूह ११८ दशमलव ३६ र जलविद्युत् समूह १२० दशमलव २८ अङ्कले बढेका छन्।

त्यसैगरी, लगानी समूह दुई दशमलव ६९, उत्पादन तथा प्रशोधन समूह २१८ दशमलव २०, लघुवित्त समूह १७२ दशमलव ६७, म्युचुअल फन्ड शून्य दशमलव ३९, व्यापार समूह ८४ दशमलव २१ र अन्य समूह ४७ दशमलव ५५ अङ्कले बढेका छन्।

आज आधा दर्जनभन्दा बढी कम्पनीका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सिद्धार्थ इक्विटी फन्ड, सिटिजन्स म्युचुअल फन्ड, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम–२, आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड, खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड, कालिञ्चोक दर्शन लिमिटेड र गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो।

आज तीनवटा कम्पनीका शेयर मूल्य मात्रै घटेका छन्। एभरेस्ट बैंक लिमिटेड डिभेन्चर–२०८६ को मूल्य एक दशमलव ९९, सिभिल बैंक डिभेन्चर–२०८८ को मूल्य एक दशमलव १९ र सिद्धार्थ बैंक लिमिटेड डिभेन्चर–२०८३ (१० दशमलव २५ प्रतिशत)को मूल्य शून्य दशमलव ५५ प्रतिशतले घटेका छन्।

कारोबार रकम र शेयर सङ्ख्याका आधारमा आज शिवम् सिमेन्ट लिमिटेडको सबैभन्दा धेरै रु ११ करोड ७१ लाख ३५ हजार ३४२ बराबरको दुई लाख ८५ हजार ८२६ कित्ता शेयर किनबेच भएको छ।



**नेवारी भेषभूषामा सजिएका बालिका** : सङ्खुवासभाको सदरमुकाम खाँदबारीमा बुधवार मिसा दवु र खाँदबारी नेवा दवुले गरेको 'खाना महोत्सव' कार्यक्रममा नेवारी भेषभूषामा सजिएर आएका बालिकाहरू तस्वीर खिचाउँदै। तस्वीरः रासस

# विस्तार हुँदै गरेको सडकबाटै गुड्छन् लामो दूरीका बस

–अच्युत रेग्मी
काठमाडौं, २९ चैत/रासस

सरकारले चक्रपथको दोस्रो खण्डका रूपमा कलङ्कीदेखि नयाँ बसपार्क हुँदै वसुन्धरासम्मको सडक विस्तार गर्न थाले पनि कतिपय लामो दूरीका बस भने अझै चक्रपथको मुख्य सडकबाटै गुड्दै आएका छन् । यस अघि कलङ्कीदेखि सातदोबाटो हुँदै कोटेश्वरसम्म सडक विस्तार गरेको चिनियाँ पक्षले दोस्रो चरण अन्तर्गत कलङ्कीदेखि वसुन्धरासम्म सडक विस्तारका लागि तयारी थालेको हो ।

तयारीसँगै सडक वरपर मिचेर बनाइएका संरचना हटाउनाका साथै निर्माणस्थलसमेत खाली गर्न लागिएको छ । अहिलेसम्म सो स्थानमा ८० प्रतिशत निर्माणस्थल खाली भइसकेको सडक विभागले जनाएको छ । यसरी दोस्रो चरणाको सडक विस्तारका लागि निर्माणस्थल खाली गर्न शुरू गरिरहँदा लामो तथा मध्यम दूरीका सार्वजनिक सवारीसाधन भने निर्माण भइरहेको सडकबाटै गुड्ने गरेका छन् ।

अहिले काठमाडौंबाट चितवन, नवलपरासी र भैरहवा जाने माइक्रोबस कलङ्कीको मुख्य सडकबाट गुड्दै आएका छन् । यस्तै पृथ्वी राजमार्ग अन्तर्गत पोखरा, लमजुङ, बागलुङ, म्याग्दीलगायत क्षेत्रमा चल्ने माइक्रोबस गोङ्गबुदेखि नयाँ बसपार्कबीचको मुख्य सडक छेउबाट चल्ने गरेका छन् ।

यस्तै धादिङ, रसुवा र नुवाकोट जाने सवारीसाधन माछापोखरी तथा गोरखा चल्ने माइक्रोबस बालाजु क्षेत्रबाट चल्ने गरेका छन् । रातिको समयमा चल्ने ठूला बससमेत गोङ्गबुदेखि नयाँ बसपार्क बीचको मुख्य सडक छेउबाट चल्ने गरेका छन् । काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने सार्वजनिक सवारीसाधनलाई व्यवस्थित तथा पार्किङ गर्न काठमाडौं महानगरपालिकाले विसं २०५६ मा ल्होत्से बहुउद्देश्यीय प्रालिसँग सम्झौता गरी नयाँ बसपार्क सञ्चालनमा ल्याए पनि कतिपय सार्वजनिक बस भने अहिले पनि मुख्य सडकलाई बसपार्क


तस्वीरः सौजन्य

बनाएर सञ्चालन हुँदै आएका छन् । पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्र केसी पृथ्वी राजमार्गमा चल्ने माइक्रोबसलाई व्यवस्थितरूपमा सञ्चालन गर्न आफूहरू लागिपरेको बताउँछन् ।

"राज्यले नीतिगतरूपमा सबै सवारी साधनलाई नयाँ बसपार्कभित्र जान अनिवार्य गरे हाम्रा कम्पनीका सवारी साधनलाई नयाँ बसपार्कभित्र जान कुनै समस्या छैन"– उनी भन्छन् । सरोकारवाला निकाय बसेर सार्वजनिक बस व्यवस्थापनका लागि छलफल गर्नुपर्नेमा अहिलेसम्म नगरेको र माइक्रोबसलाई व्यवस्थितरूपमा सञ्चालन गर्न आफ्नो कम्पनीसँग अहिलेसम्म कुनै निकायले छलफल र समन्वय नगरेको अध्यक्ष केसी बताउँछन् ।

"काठमाडौंभित्रको सडक राम्रो हुनुपर्छ, माइक्रोबस र अन्य बस व्यवस्थापन राम्रो हुनुपर्छ भन्ने हाम्रो पनि माग हो, सार्वजनिक बस व्यवस्थापनका लागि हामी बाधक बन्दैनौं"– उनी भन्छन् । काठमाडौंबाट हाल पृथ्वीराजमार्ग भएर ६०० सार्वजनिक सवारीसाधन आवतजावत गर्दै आएका छन् ।

काठमाडौं महानगरपालिकाका यातायात विज्ञ जगतमान श्रेष्ठ चक्रपथ विस्तारको काम शुरु भएपछि सडकको वरिपरिबाट सञ्चालन हुँदै आएका सवारी साधनलाई नयाँ बसपार्क भित्रबाट सञ्चालन गर्नेगरी काठमाडौं महानगरपालिकाले गृहकार्य गरेको बताउँछन् ।

"काठमाडौं महानगरपालिकाले लामो तथा छोटो दूरीका सार्वजनिक सवारी साधन पार्किङका लागि नयाँ बसपार्कमा १६१ रोपनी जग्गा उपलब्ध गराएको छ । सबै सवारी साधन बसपार्कभित्रबाट सञ्चालन गर्न महानगरपालिकाले काम गरिरहेको छ,"– उनी भन्छन् । नयाँ बसपार्कभित्र काठमाडौं भित्रिने सवारी साधन नअटाए त्यसको विकल्प खोजिने विज्ञ श्रेष्ठको भनाइ छ ।

ट्राफिक प्रहरीले काठमाडौं महानगरपालिका, यातायात व्यवसायी, यातायात व्यवस्था विभागलगायत सरोकारवाला निकायसँग छलफल गरेर राति सञ्चालन हुने सवारी साधनलाई नयाँ बसपार्कबाट सञ्चालन गराउने निर्णय गरे पनि कतिपय सवारी साधन अहिले पनि चक्रपथ वरपरका सडकबाट सञ्चालन हुँदै आएका छन् ।

जनकपुर, वीरगंज, बारा, पर्सालगायत क्षेत्रमा चल्ने रात्रिकालीन सवारी साधन अहिले पनि गौशालाबाट चल्दै आएका छन् । यस्तै सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा र रामेछाप चल्ने सवारीसाधन पुरानो बसपार्क हुँदै कोटेश्वर सडक किनाराबाट सञ्चालन हुँदै आएका छन् ।

सार्वजनिक यातायातलाई व्यवस्थित गर्न काठमाडौं महानगरपालिकाले वडा नं २६ को गोङ्गबुस्थित विष्णुमति खोला किनारामा १६१ रोपनी जमीनमा झन्डै २००० सार्वजनिक सवारी साधन अट्न मिल्ने पार्किङ बनाए पनि कडा नीति नहुँदा अधिकांश सवारी साधन सडकबाटै सञ्चालन हुँदै आएका हुन् ।

काठमाडौंको चक्रपथ वरपर मुख्य सडकमा टिकट काउन्टर र जथाभावी बस पार्किङ गर्दा उपत्यकाको ट्राफिक व्यवस्थापनमा समेत समस्या हुने गरेको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार लामो दूरीका सवारी साधन चक्रपथको बाटो भएर ओहोरदोहोर गर्दा ट्राफिक व्यवस्थापनमा असहज हुने गरेको छ ।

कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्ट लामो दूरीका सवारी साधन चक्रपथ वरपर सडकमा पार्किङ गर्दा उपत्यकाको ट्राफिक व्यवस्थापनमैं समस्या हुने गरेको बताउँछन् ।

"लामो तथा छोटो दूरीका सवारी साधन गोङ्गबुस्थित नयाँ बसपार्क र पुरानो बसपार्कबाट सञ्चालन हुनुपर्छ, साँघुरो सडकमा जथाभावी सवारीसाधन पार्किङ गर्दा लामो समयसम्म सवारी जाम हुने गरेको छ"–उनी भन्छन् ।

ट्राफिक प्रहरी कार्यालयका अनुसार हाल काठमाडौं उपत्यकामा १९ लाख हाराहारीमा सवारीसाधन सञ्चालनमा छन् भने १७०० हाराहारीमा ट्राफिक जनशक्ति कार्यरत छ । पछिल्लो समय मुलुकको सङ्घीय राजधानी काठमाडौंलगायत देशभर निजी तथा सार्वजनिक सवारी साधनको सङ्ख्या वृद्धि हुँदा र बाटो साँघुरो हुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएको छ ।

# कोरोना सङ्क्रमित बढेपछि तयारी अवस्थामा रहन अस्पताललाई निर्देशन

काठमाडौं, २९ चैत/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि विभिन्न अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन दिएको छ । दैनिक कोरोना भाइरसबाट सङ्क्रमित सङ्ख्या बढदै गएपछि सबै अस्पताललाई तयारी अवस्थामा रहन मन्त्रालयले निर्देशन दिएको हो ।

भारतमा देखिएको कोरोना भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोन एक्सविवि १.१६ पछिल्लो समय नेपालमा पनि देखिन थालेको छ । मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले अहिले देखा परेको भेरिएन्ट सङ्क्रामक रहेकोले अस्पताललाई तयारी अवस्थामा राख्न निर्देशन दिएको जानकारी दिए ।

"कोरोना भाइरसको नयाँ भेरिएन्टले धेरैजनालाई सङ्क्रमण सार्ने सम्भावना छ"–उनले भने–"सङ्क्रमणको रोकथाम र नियन्त्रणका लागि सबै अस्पताललाई तयारी अवस्थामा बस्न निर्देशन दिइसकेका छौं ।"मन्त्रालयका अनुसार हाल वीर अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, सशस्त्र प्रहरी बल अस्पताल, नेपाल प्रहरी अस्पताललगायतलाई तयारी अवस्थामा रहन निर्देशन दिइएको छ ।

कोरोना सङ्क्रमणका कारण बुधवार एकजनाको निधन भएको छ । वीर अस्पतालका निर्देशक डा सन्तोष पौडेलले कोभिड–१९ केन्द्रीय युनिफाइड अस्पताललाई तयारी अवस्थामा राखिएको बताए । चिकित्सक, सघन उपचार कक्ष (आइसियु), भेन्टिलेटर र अक्सिजन पनि तयारी अवस्थामा राखिएको उनको भनाइ छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्ट्यान्ट फिजिसियन डा विमल चालिसेले कोरोना भाइरसको सङ्क्रमणको सम्भावित जोखिमबारे सचेत रहँदै तयारी अवस्थामा रहेको जानकारी दिए ।

"अहिले नै आत्तिनुपर्ने अवस्था छैन तर सजग भने हुनुपर्छ"–उनले भने– "सङ्क्रमणको सम्भावित जोखिम नहोस् भनेर तयारी अवस्थामा रहेका छौं ।" अस्पतालमा एकजना भेन्टिलेटर र दुई जना कोरोना सङ्क्रमित सघन उपचार कक्ष (आइसियु)मा उपचाररत रहेको उनले बताए । बुधवार मात्रै देशभर १०६ जना नयाँ सङ्क्रमित देखा परेका थिए । हाल काठमाडौं उपत्यकामा २४ जना आइसोलेशन, १३ जना सघन उपचार कक्ष (आइसियु)मा र ५ जना भेन्टिलेटरमा उपचाररत छन् ।

महाशाखाले नेपाल प्रवेश हुने सीमा नाकामा कडाइ गरिएको जनाएको छ । सीमा नाकाबाट नेपाल प्रवेश गर्नेहरूको कोरोना परीक्षण शुरू गरिएको छ ।




**प्रधानमन्त्रीद्वारा कवाज कार्यक्रम अवलोकन** : भक्तपुरस्थित सैनिक प्रशिक्षालयमा सि.नं. ६० अधिकृत क्याडेट तालीम र सि.नं. ५० पदिक तथा विल्लादार अधिकृत क्याडेट तालीममा प्रशिक्षार्थीहरूलाई आयुक्त पद प्रदान कवाज कार्यक्रम अवलोकन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड । तस्वीरः रासस

## फरक समाचार

# गर्मीमा कारमा किन आगो लाग्छ ?

कारमा आगो लाग्नु नौलो घटना होइन । बढीजसो गर्मी मौसममा कारमा आगो लाग्ने गर्छ । तसर्थ कारमा आगो नलागोस् त्यसको लागि केही कुरामा



ध्यान दिनुपर्छ । आजभोलि बजारमा नयाँ–नयाँ कारको सह–उपकरण आइरहेको छ । बजारमा ओरिजनलको साथै सस्तो र नक्कली कार उपकरण पनि निकै बिक्री हुन्छ । केही पैसा बचाउने चक्करमा नक्कली र सस्तो एसेसरिज हामी आफ्नो कारमा लगाउँछौं । अप्रशिक्षित मैकानिकबाट ती सामान गाडीमा फिट गराउँछौं । यस्तोमा कैयौंपटक गलत वायरिङको कारण कारमा सर्टसर्किट हुने र आगो लाग्ने गर्छ ।


पैसा बचाउने चक्करमा कारमा नक्कली र सस्तो सिएनजी किट लगाइने गरिन्छ । यद्यपि यो निकै खतरनाक साबित हुन सक्छ । सस्तो र नक्कली सिएनजी किट कारमा आगो लाग्ने सबैभन्दा प्रमुख कारण हो ।

यदि कारमा आगो लाग्यो भने कारको इलेक्ट्रिकल युनिट जाम हुन्छ । यसबाट पावर विन्डो, सिट बेल्ट र सेन्ट्रल लकिङ सिस्टम पनि फेल हुन्छ, जसले गर्दा कारमा बसेको मानिसलाई बाहिर निस्कन निकै गाऱ्हो हुन्छ । कारमा आगो लागेपछि तुरुन्तै बाहिर निस्किनुपर्छ किनभने कारभित्र कार्बन मोनोअक्साइड ग्याँस फैलिन थाल्छ जुन निकै खतरनाक साबित हुन्छ ।

कारको बोनट पनि खोल्नुहुँदैन नत्र आगोले अक्सिजन पाएपछि त्यो झनै फैलिन्छ । कारमा अग्निशमन यन्त्र छ भने त्यसबाट आगो नियन्त्रण गर्नुपर्छ । तसर्थ कारमा आगो लाग्न नदिन कारको सर्भिसिङ अथराइज्ड सर्भिस सेन्टरबाट गराउनुपर्छ । फ्रि सर्भिसपछि प्रायः धेरैजनाले कारलाई सस्तो सर्भिस स्टेशन लग्छन् । अप्रशिक्षित मेकानिकको कारण कारमा गडबडी हुने गर्छ । आफ्नो कारमा सदैव एउटा फायर एक्सटिंग्विशर, सिट बेल्टकटर र हतौडा राख्नुपर्छ ।

# कोलेस्ट्रोल बढ्दा पनि आँखा रातो हुन्छ

गलत खानपान र दिनचर्याका कारण साना–ठूला सबैलाई कोलेस्ट्रोल बढ्ने समस्या यतिखेर देखिएको छ । यदि नराम्रो कोलेस्ट्रोललाई नियन्त्रण गरिएन भने




हृदयघात र मुटुसम्बन्धी रोग हुन सक्छ । दिल्लीका वरिष्ठ फिजिशियन डा अजयकुमारका अनुसार कोलेस्ट्रोल एक प्रकारको बोसो हो जुन दुई क्याटगरीको हुन्छ एउटा गुड र अर्को ब्याड । नसामा यदि नराम्रो बोसो जम्न थाल्छ भने यो ब्याड कोलेस्ट्रोल बढेको चिह्न हो । विज्ञका अनुसार हाम्रो शरीरमा कोलेस्ट्रोलको लेभल २०० एमजी/डिएलभन्दा कम हुनुपर्छ । यदि लेभल यसभन्दा बढ्छ भने रोग लाग्ने तय हुन्छ । नसा ब्लक भएपछि रक्त प्रवाह सही ढङ्गले हुँदैन र हृदयघातसम्म हुन सक्छ ।

डा अजय भन्छन्–यदि तपाईंको आँखा प्रायः रातो र चिलाइरहने हुन्छ भने कोलेस्ट्रोलको लेभल बढेको हो । यसबाट प्रायः थकाइ लाग्ने, बान्ता हुने, कहिलेकाहीं छाती दुख्ने जस्ता सङ्केतले बताउँछ कि कोलेस्ट्रोलको लेभल डिस्टर्ब छ । यसको अलावा खुट्टा सुन्निएको र नङ पहेंलो हुनु पनि यसको लक्षण हो ।

विज्ञका अनुसार आजभोलि ९ वर्षको उमेरमा एकपटक कोलेस्ट्रोलको चेकजाँच अवश्य गराउनुपर्छ । त्यसपछि हरेक पाँच वर्षमा कोलेस्ट्रोल जाँच गराउनुपर्छ । नियमित जाँच, स्वस्थ आहार, कम तेल भएको खानेकुरा र व्यायाम गर्दा रोगबाट टाढा रहन सकिन्छ ।

# पङ्खाको धूलो सजिलै सफा गर्ने उपाय

जाडोमा थन्किएर बसेको सिलिङ पङ्खामा थुप्रै धूलो जमेर बसेको हुन्छ । सिलिङ पङ्खाको धूलो सफा गर्नु निकै झन्झटिलो कार्य हो । तर एउटा उपाय छ जसले सजिलै पङ्खा सफा गर्न सकिन्छ ।



पङ्खामा जमेको धूलो सिरानीको खोलबाट सजिलै सफा गर्न सकिन्छ । त्यसको लागि पुरानो सिरानीको खोल र एउटा भऱ्याङ वा टुल चाहिन्छ । छतमा रहेको पङ्खाको ब्लेडमा सिरानीको पुरानो खोल पसाउनुहोस् र थोरै दबाब बनाएर पङ्खामा जमेको फोहर खोलभित्र झार्नुहोस् । यो उपायले पङ्खाको धूलो सबै सिरानीको खोलभित्र जम्मा हुन्छ । यसैगरी पङ्खाको सबै ब्लेडको धूलो सफा गर्न सकिन्छ । धूलो हटेपछि हलुका भिजेको कपडाले ब्लेडलाई पुछ्नुपर्छ । साथै बजारमा पाइने डस्टर स्टिकको मदतबाट पनि पङ्खा सफा गर्न सकिन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## प्लास्टिक लिएर सुनको सिक्का दिने वातावरण संरक्षणको अनौठो प्रयास

अनन्तनाग (कश्मीर), २९ चैत⁄एएनआई

दक्षिणी कश्मीरको अनन्तनाग


तस्वीर: एएनआई

जिल्लाका फारूक अहमद गनाईले आफ्नो क्षेत्रमा प्लास्टिकको फोहोरको समस्या समाधान गर्न अनौठो पहल शुरू गरेका छन् ।

'प्लास्टिक दिनुहोस् सुन लिनुहोस्' भन्ने नाराका साथ गनाईले २० क्विन्टल (दुई हजार किलो) प्लास्टिकको फोहोर सङ्कलन गर्ने जोसुकैलाई १० ग्राम सुनको सिक्का दिने घोषणा गरेका छन् ।

अनन्तनाग जिल्लाको हिलर शाहाबाद क्षेत्रको विकट गाउँ पञ्चायत सदिबाराका प्रमुख गनाईले गाउँका मानिसलाई प्लास्टिकजन्य फोहोर खोलानाला र सडकमा फाल्नुको सट्टा जम्मा गर्न उत्प्रेरित गर्दै पुरस्कारको रूपमा सुनको सिक्का दिने घोषणा गरेका हुन् ।

प्लास्टिक प्रदूषण न्यूनीकरणका लागि जनचेतना र मानसिकता परिवर्तन गर्नु महत्त्वपूर्ण रहेको उनको भनाइ छ । सुनको सिक्का दिने योजना सार्वजनिक गर्नु अघि गनाईले जिल्लाका उपायुक्त डा बशारत कयुमसँग यस सम्बन्धमा विचारविमर्श गरेका थिए । उनले पनि त्यसको प्रशंसा गर्दै त्यसलाई कार्यान्वयन गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेपछि ग्रामीण विकास विभागद्वारा आयोजित एक कार्यक्रमबीच गत जनवरी ७ देखि 'प्लास्टिक दिनुहोस् सुन लिनुहोस्' अभियान औपचारिकरूपमा शुरू भएको हो ।

अभियान शुरू भएदेखि नै गनाईले यस क्षेत्रलाई सामूहिक र व्यक्तिगतरूपमा सरसफाइमा युवा क्लब, स्थानीय निकायका सदस्य, ज्येष्ठ नागरिक, सिंचाइ विभागका कर्मचारीलगायत कम्तीमा ३० स्वयंसेवक संलग्न गराएका छन् । अभियान सडक सफाइमा मात्र नभई त्यस क्षेत्रका खोलानालाको सफाइमा पनि केन्द्रित छ । फोहर प्लास्टिक सङ्कलन गर्न सङ्कलन स्थलहरू स्थापना गरेर त्यसलाई पुनः प्रयोग गर्ने प्रयास भइरहेको छ ।

अधिवक्ता गनाईको प्रयासलाई वातावरणविद्हरूले व्यापक प्रशंसा गरेका छन् । उनीहरूले प्लास्टिकजन्य फोहोर सङ्कलन गर्न पुरस्कार प्रणाली सिर्जना गर्दा प्रदूषण कम गर्न प्रभावकारी हुने बताएका छन् । अभियानले लोकप्रियता पाएको छ, सबैले त्यसको प्रशंसा गरेका छन् भने अन्य पञ्चायतहरूले पनि त्यसको सिको गरेका छन् ।

सदिबारा क्षेत्रका स्थानीय पनि स्वैच्छिकरूपमा अभियानमा संलग्न भएका छन् । यहाँ अझ रोचक पक्ष के छ भने वातावरणमैत्री समाज निर्माणको पहलमा लागेका गनाईले फोहोर व्यवस्थापनका लागि नवीन विचार प्रस्तुत गर्दै आएका उनले, उपयोग भइसकेको 'डाइपर' कृषि क्षेत्रमा प्रयोग गरेर देखाएका छन् ।

सदिबारा क्षेत्रका सडक, गल्ली, खोला प्लास्टिकमुक्त भएकाले अभियानको सकारात्मक प्रभाव देखिन थालेको छ ।

गनाईको प्रयासले स्थानीय जनतामा प्लास्टिकका हानिकारक असरहरूबारे चेतना जगाएको छ । उनले यो अभियानलाई भारतका सम्पूर्ण भूभाग समेट्न कश्मीरदेखि कन्याकुमारीसम्म पुर्याउने योजना बनाएका छन् । सबै गाउँका लागि उदाहरण बनेको उनको अभियानलाई केन्द्र सरकारले पनि अघि बढाउने योजना बनाएको छ । रासस

## म्यान्माको सेनाद्वारा विपक्षीमाथि हवाई हमला, १०० जनाको मृत्यु

बैंकक, २९ चैत⁄एएनआई

म्यान्माको सेनाले देशको दोस्रो ठूलो शहर मण्डले नजीकैको सागिङ क्षेत्रमा मङ्गलवार गरेको हवाई हमलामा धेरै बालबालिकासहित करीब १०० जनाको ज्यान गएको स्थानीय प्रजातन्त्र समर्थक समूहका सदस्य तथा स्वतन्त्र सञ्चारमाध्यमका एक प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै सिडनी मर्निङ हेराल्डले जनाएको छ ।

सैनिक शासनका विपक्षीहरूले आयोजना गरेको समारोहमा सेनाले हवाई हमला गरेको थियो । सागिङ क्षेत्रको एउटा गाउँमा हवाई हमला गरेको सेनाले पुष्टि गरेको छ । सैनिक प्रवक्ता जाव मिन तुनले पिपल्स डिफेन्स फोर्सको कार्यालय उद्घाटन समारोहमा हवाई आक्रमण भएको बताएका छन् ।

"हामीले पाएको स्थलगत जानकारी अनुसार, हाम्रो आक्रमणले मात्र मानिस मारिएका होइनन्, त्यस क्षेत्रमा पिपल्स डिफेन्स फोर्सद्वारा बिछ्याइएका माइन पनि थिए, हवाई आक्रमण माइन बिछ्याइएका स्थानमा पनि भएको थियो"– बढी मानिसको मृत्यु हुनाको कारण स्पष्ट गर्दै प्रवक्ता जाबले भनेका छन् ।

सैनिक शासनविरुद्ध सागिङ क्षेत्रमा महीनौंदेखि उग्र प्रतिरोध जारी छ । देशमा जारी गृहयुद्धमा त्यसलाई दबाउन सेनाले गरेको यो सबैभन्दा घातक आक्रमण हो । आक्रमणमा धैरै महिला र बालबालिकाले ज्यान गुमाएका छन् भने दर्जनौं घाइते भएका छन् । आक्रमणमा कम्तीमा ३० जना बालबालिका मारिएका छन् । उनीहरू कार्यक्रममा नृत्य प्रस्तुत गर्न त्यहाँ पुगेका थिए ।

संयुक्त राष्ट्रसङ्घका मानवाधिकार उच्चायुक्त भोल्कर टर्कले कैयौं स्कूले बालबालिकाले ज्यान गुमाएको घातक हवाई हमलाबाट आफू आहत भएको बताउँदै दोषीहरूलाई कारबाईको दायरामा ल्याउन आहवान गरेका छ ।

सैनिक सरकारको विरोधमा उत्रेकाहरूसँग हातहतियारसमेत भएकोले उनीहरूका साथै नागरिकलाई पनि लक्ष्य गरेर सेनाले हवाई आक्रमणको रणनीति व्यापक बनाएको छ । आन्दोलन दबाउन सेनाले अन्धाधुन्ध आक्रमण गर्दै आएको छ ।

सामाजिक सञ्जालमा 'शेयर' गरिएका तस्बिरमा दर्जनभन्दा बढी जलेका शव, भत्केका भवन र जलेका मोटरसाइकल देखिन्छन् । घटनास्थलमा रहेका उद्धारकर्मीले ती तस्बिर वास्तविक भएका न्युयोर्क टाइम्सलाई पुष्टि गरेको छन् ।

म्यान्माको सेनाले २०२१ को फेब्रुअरीमा शासन आफ्नो हातमा लिएपछि विपक्षीहरूलाई लक्षित गर्दै हवाई आक्रमण गर्दै आएको छ । सागेइङ क्षेत्रका नागरिकले सैन्य शासनको विरोध गर्दै आएका छन् । उनीहरूले छुट्टै फौज बनाएका छन् भने आफ्नै विद्यालय तथा स्वास्थ्य केन्द्र सञ्चालन गरिरहेका छन् ।

पिपल्स डिफेन्स फोर्सले म्यान्माका विभिन्न भागमा सेनाविरुद्ध सशस्त्र अभियान चलाउँदै आएको छ । जारी गृहयुद्धका कारण सयौंको मृत्यु भइसकेको छ भने १४ लाखभन्दा बढी विस्थापित भएका छन् । सेनाले सत्ता सम्हालेपछि विपक्षीलाई दबाउन हालसम्म कम्तीमा छ सयपटक हवाई आक्रमण गरिसकेको छ । सन् २०२१ अक्टोबरदेखि सन् २०२२ सेप्टेम्बरसम्म भएका आक्रमणमा १५५ सर्वसाधारणले ज्यान गुमाएका छन् ।

गत अक्टोबरमा काचिन राज्यमा जातीय विद्रोही समूहले आयोजना गरेको एउटा साङ्गीतिक कार्यक्रममा वायुसेनाका विमानले बम खसाल्दा ५० जनाको मृत्यु भएको थियो ।

गत महीना लेट यट कोन गाउँको एउटा विद्यालयमा भएको हवाई हमलामा पाँचजना बालबालिका मारिनुका साथै दर्जनौं घाइते भएका थिए । रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | ईश्वरभक्ति | वृष | कष्टानुभूति |
| मिथुन | नारीसुख | कर्कट | अलमल |
| सिंह | खिन्नता | कन्या | वाहनकष्ट |
| तुला | राज्यलाभ | वृश्चिक | धनखति |
| धनु | अन्नलाभ | मकर | अलमल |
| कुम्भ | प्रसन्नता | मीन | पदोन्नति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## सैनिक शिविरमा गोली चल्दा चारजनाको मृत्यु

भटिन्डा (पञ्जाब), २९ चैत⁄एएनआई

यहाँस्थित सैनिक शिविरमा गोली चल्दा चारजनाको मृत्यु छ । आज बिहान भटिन्डा सैनिक शिविरमा भएको गोलीकाण्डमा चारजनाको मृत्यु भएको भारतीय सेनाले जनाएको हो ।

सेनाको दक्षिण–पश्चिम कमान्डले जारी गरेको विज्ञप्ति अनुसार आज बिहान ४:३५ बजे भटिन्डा सैनिक शिविरमा गोली हानाहान भएको थियो । घटनामा चारजनाको मृत्यु भएको जानकारी प्राप्त भएको तथा परिस्थितिलाई नियन्त्रणमा लिन तत्काल प्रतिकार्य टोली सक्रिय गरिएको थियो । घटनास्थल र वरपरको क्षेत्रलाई घेराबन्दी गरी घटनामा संलग्नको खोजी भइरहेको छ । घटनासम्बन्धी विस्तृत विवरण प्राप्त हुन बाँकी छ । रासस

## गणपूरक सङ्ख्याको अभावमा सुरक्षण मुद्रण प्रस्ताव निर्णयार्थ प्रस्तुत भएन

काठमाडौं, २९ चैत⁄रासस

राष्ट्रियसभाबाट सन्देशसहित प्राप्त 'सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ माथि विचार गरियोस्' भन्ने प्रस्ताव कार्यसूचीमा समावेश गरिए पनि प्रतिनिधिसभामा गणपूरक सङ्ख्याको अभावमा प्रस्ताव प्रस्तुत हुन सकेन ।


प्रतिनिधिसभाको बुधवार बसेको बैठकमा सहभागीहरू । तस्वीर: रासस

प्रस्ताव निर्णायार्थ प्रस्तुत गर्नुअघि नेकपा (एमाले)का सचेतक महेश बर्तोलाले गणपूरक सङ्ख्या यकीन गर्न सभामुखसमक्ष माग गरे ।

त्यस लगत्तै सभामुख देवराज घिमिरेले तीन मिनेटको घण्टी बजाएर गणपूरक सङ्ख्या यकीन गर्न सचिवालयलाई निर्देशन दिएका थिए ।

बैठकमा कुनै पनि प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा कम्तीमा एक तिहाइ अर्थात् ६९ सांसद उपस्थित हुनुपर्नेमा ६१ मात्र रहेको जनाउँदै सभामुख घिमिरेले आजको कार्यसूचीमा रहेका बाँकी सबै कार्यक्रम स्थगित भएको जानकारी दिए । यसअघि सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सदनमा उक्त प्रस्तावमाथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गरेकी थिइन् ।

विधेयकमाथि उठेका प्रश्नको जवाफ दिंदै उनले मुलुकमा सुरक्षण मुद्रणसम्बन्धी कानून आवश्यक भएकाले उपकरण खरीद र पूर्वाधार निर्माण गरेर अन्तःशुल्कको स्टिकरलगायत सुरक्षण मुद्रणसम्बन्धी सामग्री छपाइ शुरू गर्न पहल र प्रयत्न भइरहेको बताइन् ।

मन्त्री शर्माले भनिन्, "हामीसँग भएको क्षमतालाई बढाएर सुरक्षण मुद्रण स्थापना गरी सञ्चालन गरिनेछ, सरकारकै निगरानी र मातहतमा राखिनेछ, विधेयकमा बाझिएका बुँदा सच्याइनेछ, गुणस्तरमा विशेष ध्यान दिइनेछ ।" छलफलमा ज्ञानेन्द्रबहादुर कार्की, महेश बर्तौला, रोशन कार्की, रघुजी पन्त, मनीष झा, प्रेम सुवाल, माधव सापकोटा, रामकृष्ण यादव, ध्रुवबहादुर प्रधानलगायत १५ जना सांसदले विधेयकबारे आआफ्नो धारणा राखेका थिए ।

उक्त विधेयक विसं २०७७ मा राष्ट्रियसभामा उत्पत्ति भई त्यही लामो समयसम्म रहेको थियो ।

## सिन्धुलीमा कार दुर्घटनामा मृतक भारतीय नागरिकको पहिचान

सिन्धुली, २९ चैत⁄रासस

सिन्धुलीमा गएराति भएको भारतीय कार दुर्घटनामा मृतक चारैजनाको परिचय खुलेको छ ।

मृत्यु हुनेमा भगवतीस्थान–९, मन्दिपुरसारी, समस्तिपुर, वारिसनगर, भारत, बिहारका नागरिक रहेका छन् । कारमा सवार पाँचजनामध्ये एकजना घाइते भएका छन् ।

दुर्घटनामा घाइते ४७ वर्षीय धर्मेन्द्रकुमार सोनीलाई घटनास्थलबाट उद्धार गरी उपचारका लागि सिन्धुली अस्पताल ल्याइएको र प्राथमिक उपचारपछि थप उपचारका लागि धुलिखेल पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक राजकुमार सिलवालले जानकारी दिए ।

दुर्घटनामा घाइते भएका ३२ वर्षीय अभिषेक ठाकुरको सिन्धुली अस्पतालमा मृत्यु भएको छ ।

राति १२:३० बजे भएको दुर्घटनामा घाइते दुईजनालाई उद्धार गरी आज बिहान उपचारका लागि सिन्धुली अस्पताल ल्याइएकोमा ठाकुरको सोही अस्पतालमा मृत्यु भएको उनले बताए ।

उक्त दुर्घटनामा अरू तीनजनाको घटनास्थलमैं मृत्यु भएको प्रहरी उपरीक्षक सिलवालको भनाइ थियो । मृत्यु हुनेमा ४२ वर्षीय राकेशकुमार सिंह, ३६ वर्षीय मनु सिंह र ३२ वर्षीय गबर सिंह रहेका छन् ।

सिन्धुली हुँदै काठमाडौंतर्फ जाँदै गरेको विआर ०६ डिडी ०६८७ नम्बरको भारतीय कार अनियन्त्रित भएर विपी



तस्वीर: फाइल

राजमार्ग अन्तर्गत कमलामाई नगरपालिका–३ सिन्धुलीगढीनजीकै दुर्घटना भएको थियो । कार सडकबाट ५०० फिट तल खसेको थियो । शव घटनास्थलबाट सडकमा निकालेर शववाहनबाट सिन्धुली अस्पताल ल्याएको उनले जानकारी दिए ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले शव घटनास्थलबाट निकालेको थियो ।

दुर्घटना भीरमा भएका कारण उद्धार टोलीले कठिन तरीकाले शव निकालेको प्रउ सिलवालले बताए । भीरमा भएको दुर्घटनामा उद्धार गर्न गएका केही प्रहरीसमेत भीरबाट खसेको ढुङ्गाले लाग्दा सामान्य घाइते भएका थिए । कारमा सवार व्यक्ति धार्मिक यात्राका लागि नेपाल आएको बताइएको छ ।

### वीरगंज महानगरपालिकाको सूचना

२०८० वैशाख १ देखि ७ गतेसम्म देशैभरि व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन हुन गइरहेको हुनाले जन्म, मूत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँसराइजस्ता व्यक्तिगत घटना, घटना घटेको ३५ दिनभित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्यरूपमा दर्ता गरौं गराऔं । विद्यालय भर्ना गर्न, सामाजिक भत्ता प्राप्त गर्न, राहदानी बनाउन, नाबालक परिचयपत्र बनाउन, बैंक खाता खोल्न तथा सरकारले दिने अन्य सेवा लिन व्यक्तिगत घटना दर्ता आवश्यक हुने भएकोले आआफ्नो वडा कार्यालयमा गई दर्ता गराउनुहुन अनुरोध गरिन्छ ।

**व्यक्तिगत घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।**

व्यक्तिगत घटना दर्ता सप्ताह वैशाख १ देखि ७ गतेसम्म देशैभरि हुने सम्बन्धित सबैलाई जानकारी गराइन्छ । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । जिम्मेवार नागरिकको परिचय दिऔं । थप जानकारीका लागि कार्यालय समयभित्र ९८०३५१२२३६, ९८४५४५४४४५ मा सम्पर्क गर्नुहोस् ।

### यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# बालविवाह रोकथामका लागि स्थानीयबीच जागरूकता

प्रस, रक्सौल, २९ चैत/

अक्षय तृतीयाको अवसरमा हुने बालविवाह रोकथामका लागि जागरूकता


तस्वीरः प्रतीक

कार्यक्रम सम्पन्न भएको छ।

रक्सौलकी एसडिओ आरती कुमारी र सहायक बालविवाह निषेध, रामगढवाका सजाद आलमको संयुक्त अध्यक्षतामा राजकीय मध्यविद्यालय, सकरारको प्राङ्गणमा आयोजित जागरूकता कार्यक्रममा विद्यालयका छात्रछात्रा, अभिभावक र स्थानीयलाई बालविवाह रोकथाम र त्यसबाट समाजमा पर्ने कुप्रभावका बारेमा जानकारी गराइएको थियो।

कार्यक्रममा स्थानीय पण्डित, मौलवी, टेन्टहाउस सञ्चालकलाई बालविवाहमा उनीहरूको संलग्नता नजनाउन सचेत गराइएको थियो। कार्यक्रममा बालकको वैवाहिक आयु २१ र बालिकाको १८ वर्ष हुनुपर्नेबारेमा समेत जानकारी गराएर सचेत पारेको प्रयास जुनेनल एड सेन्टर, रक्सौलका राज गुप्ताले जानकारी गराए।

इन्स्पेक्टर मनोज शर्मा, सबइन्स्पेक्टर नेहा सिंह, डा वन्दना कण्ठ, प्रयास संस्थाकी आरती कुमारीलगायतले बालविवाहविरुद्ध मन्तव्य व्यक्त गरेका कार्यक्रममा विद्यालयका प्रअ अजीतकुमार सिंह, स्थानीय मुखिया मदन सिंह, प्रयास संस्थाका डा विजयकुमार शर्मा, अभिषेक पटेललगायतको सहभागिता थियो।

नई रोशनी प्रयोजना, डङ्कन अस्पतालद्वारा स्थानीयहरूसमक्ष नुक्कड नाटकको माध्यमबाट जागरूकता दिने कार्य भएको नई रोशनी प्रयोजनाका जाँन थोले जानकारी गराए।

# १५ दिनभित्र जग्गाधनीलाई अस्थायी निस्सा प्रदान गरिने

दिनेश मिश्र, वीरगंज, २९ चैत/

पोखरिया नगर विकास समितिको आयोजनामा पोखरिया नगरपालिकाका प्रमुख एवं पोखरिया नगर विकास समितिका अध्यक्ष प्रद्युमन चौहानको प्रमुख आतिथ्यमा बैठक सम्पन्न भएको छ।

बैठकमा नगर विकास योजनाभित्र रहेका मोहियानी जग्गा सम्बन्धमा, नगर विकास योजनाभित्र खरीद भएका जग्गाको ब्लक अनुसार एकीकरण गर्ने, योजनाको जग्गा बिक्री गरिसकेका जग्गाधनी र मोहीधनीको जग्गा फिर्ता सम्बन्धमा, ब्लक अनुसारको जग्गामा रेखाङ्कनबारे, अस्थायी निस्सा प्रमाणीकरण प्रस्तावबारे बृहत् छलफल भएको थियो।

पोखरिया नगर विकास योजना अन्तर्गत रहेका मोहियानी जग्गा र नगर विकास समितिलाई जग्गा बिक्री गरेका धनीलाई अस्थायी निस्सा १५ दिनभित्र दिने निर्णय बैठकमा गरिएको थियो।

४१ वर्षदेखि जग्गाधनी मर्कामा रहेका कुरालाई मध्यनजर गर्दै सोको कार्यान्वयन गर्न सबै राजनीतिककर्मी, स्थानीयवासीलाई सहयोग गर्न नगरप्रमुख चौहान अपील गरेका छन्।


बैठकमा छलफल गर्दै पोखरिया नपाका प्रमुख चौहान (बायाँ)लगायत। तस्वीरः प्रतीक

बैठकमा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तव, विशेष सल्लाहकार लोसपाका नेता निजामुद्दीन समानी, नरेन्द्र तिवारी, मुकेश कुर्मी, बिर्छा महतो, सुनीत साह गोड, मनोज कुर्मी, जग्गाधनी उपभोक्ता समितिका अध्यक्ष बद्री चौरसिया, सचिव राजु गिरी, सदस्य दिनेश मिश्र, श्याम ठाकुर, विश्वनाथ महतो नूनिया, शम्भु श्रीवास्तव, इस्माइल मियाँ, अब्दुल आजाद आलमलगायत नागरिक समाजका अगुवाहरूको सहभागिता थियो।

# एसइई सम्पन्न

भक्तपुर, २९ चैत/रासस

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) बुधवारबाट सम्पन्न भएको छ। यहीं चैत १७ गतेदेखि देशभर एकैसाथ शुरू भएको परीक्षा छिटफुट घटनाबाहेक शान्तिपूर्णरूपमा सम्पन्न भएको एसइईका परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले जानकारी दिए।

देशका ७७ जिल्लाका दुई हजार ३६ परीक्षा केन्द्रसहित जापानमा एक गरी दुई हजार ३७ परीक्षा केन्द्रबाट एकैसाथ परीक्षा सम्पन्न भएको उनले बताए। "छिटफुट घटनाबाहेक सबै परीक्षा केन्द्रमा शान्तिपूर्णरूपमा परीक्षा सम्पन्न भएको छ। घटना भएका केन्द्रका केहीलाई कानूनी दायरमा ल्याएका छौं," श्रेष्ठले भने। उनका अनुसार यस वर्ष परीक्षामा चार लाख ८४ हजार २२७ परीक्षार्थी सहभागी थिए।

यस वर्षको एसइई परीक्षामा सहभागी हुनका लागि विसं २०७८ मा कक्षा ९ मा रजिस्ट्रेशन भर्ने पाँच लाख १६ हजार ५९१ विद्यार्थीमध्ये कक्षा १० मा आउँदा ३२ हजार ३६४ विद्यार्थी घटेर चार लाख ८४ हजार २२७ पुगेका थिए।

नेपालबाट रोजगारका लागि जापान पुगेका अभिभावकका १४ जना छोराछोरीले पनि यस वर्ष जापानबाटै परीक्षा दिएका छन्।

जापान सरकारको अनुमतिमा नेपाली पाठ्यक्रममा पढाइ हुने टोकियोको एक शैक्षिक संस्थाबाट उनीहरूले परीक्षामा सहभागी भएका परीक्षा नियन्त्रक श्रेष्ठले जानकारी दिए।

परीक्षामा सबैभन्दा धेरै वाग्मती प्रदेशबाट एक लाख ६ हजार ९५९ विद्यार्थी र सबैभन्दा कम कर्णाली प्रदेशबाट ४१ हजार ३२९ परीक्षार्थी सहभागी भएका थिए।

प्राविधिक धारतर्फ करीब १५ हजार, संस्कृतमा पढाइ हुने ६५ विद्यालयका दुई हजार ९८२ जना र ५० जना दृष्टिविहीन परीक्षार्थी परीक्षामा सहभागी भएका थिए।

कार्यालयले एसइई परीक्षाको नतीजा असार तेस्रो साता सार्वजनिक गर्ने योजना गरिएको छ। "कुनै समस्या नआए असार तेस्रो सातासम्म नतीजा सार्वजनिक गर्ने गरी योजना बनाएका छौं," परीक्षा नियन्त्रक श्रेष्ठले भने।

# अपाङ्गलाई ह्वीलचेयर वितरण

प्रस, सेढवा, २९ चैत/

अपाङ्गता भएका एकजना युवकलाई सिर्जनात्मक समाज फाउन्डेशन नेपालले ह्वीलचेयर सहयोग गरेको छ।

जीराभवानी गाउँपालिका-४ निवासी दिनेश महरा चमारलाई बुधवार गापा अध्यक्ष अनोज चौधरीले ह्वीलचेयर प्रदान गरेको फाउन्डेशनका अध्यक्ष चन्द्रकिशोर रामले बताए। दिनेश महरा चमार दुई वर्षअघि मोटरसाइकल दुर्घटनामा घाइते भएका थिए। उनको मेरुदण्डमा क्षति भएकोले हिंड्डुल गर्न नसक्ने अवस्थामा ओछ्यानमैं थला परेका थिए। ह्वीलचेयर पाएपछि अहिले उनी घुमफिर गर्न सक्ने भएका छन्। कार्यक्रममा वडाध्यक्ष राजेश्वर दास थारूलगायतको सहभागिता थियो।


तस्वीरः प्रतीक

# शैक्षिक सामग्री वितरण

प्रस, पर्सागढी, २९ चैत/

पर्सागढी नगरपालिका-३ स्थित जनता मावि पकडिया बडनिहारमा अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको छ।


तस्वीरः प्रतीक

१ देखि कक्षा ९ सम्मको वार्षिक परीक्षामा प्रथम, द्वितीय, तृतीय हुने र अनुशासन पालना गरेका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक मोहन चौधरी, लेखा प्रमुख शिवनारायण चौधरी, जनता क्याम्पस प्रमुख नागेश्वर मुखिया, शिक्षक रामकृष्ण चौधरीलगायतले शैक्षिक सामग्री वितरण गरेका थिए।

# आशा किरणलाई रु दुई लाख सहयोग

प्रस, वीरगंज, २९ चैत/

केएनपी जापान प्रालिले आशा किरण केन्द्रलाई सहयोगबापतको चेक हस्तान्तरण गरेका हुन्। नगरप्रमुख सिंहले हिजो


तस्वीरः प्रतीक

केन्द्रलाई आर्थिक सहयोग गरेको छ। वीरगंजस्थित आशा किरण केन्द्रलाई मस्तिष्कघात, सुस्त:मनस्थितिका बालबालिकाबारे सचेतना फैलाउने कार्यक्रमको लागि रु दुई लाख सहयोग गरेको छ।

केएनपी जापान प्रालिका तर्फबाट उद्योगपति अशोक बैदले नगरप्रमुख राजेशमान सिंहमार्फत आशा किरण केन्द्रमा आयोजित कार्यक्रममा मस्तिष्कघात र सुस्त:मनस्थितिका बालबालिकाहरूको हेरचाहमा सक्रिय आशा किरण केन्द्रलाई महानगरबाट पनि सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका थिए। आशा किरण केन्द्र, वीरगंजस्थित सिद्धार्थ माविमा सञ्चालन हुँदै आएको केन्द्रका महासचिव राजन श्रीवास्तवले बताए।

# औद्योगिक लगानीबारे अन्तर्क्रिया

नरेश यादव, पर्सागढी, २९ चैत/

घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजको आयोजनामा पर्सागढी नगरपालिका-४ वडा कार्यालयमा 'औद्योगिक लगानी र पूर्वाधार समृद्धिको बलियो आधार' नाराका साथ बजार विस्तार तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

कार्यक्रममा सानिमा बैंक, पर्सागढी शाखाका प्रमुख उमेश चौरसियाले धेरैजसोले ऋण निकाल्नको लागि मात्र फर्म दर्ता गराउने गरेको बताए। बैंकका कर्मचारी अनुगमनमा जाँदा अरूको गाईभैंसी देखाउने गरेको उनले बताए। उनले जुन कामको लागि ऋण लिएको हो, त्यही काम गर्नुपर्ने बताए।

घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजका प्रमुख धनञ्जयकुमार सिंहले उद्योग दर्ता गर्दा लाग्ने राजस्व दस्तुर, साझेदारी फर्म, उद्योग दर्तासम्बन्धी विवरणबारे जानकारी गराएका थिए।

वडाध्यक्ष शेख खुर्सेदको अध्यक्षतामा भएको कार्यक्रममा पर्सागढी नपाका लेखा अधिकृत प्रद्युम्न प्रसाद, कर्मचारी सुदर्शन आचार्यलगायतको सहभागिता थियो।


## हावाहुरीबाट बचौं र बचाऔं।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड